# देवचुली नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

प्रगतिनगर, नवलपरासी (बर्दघाट, सुस्ता पूर्व)
गण्डकी प्रदेश, नेपाल
२०७३

☎ : ०७८-५७५०१०
इमेल: devchulimunicipality@gmail.com


प.स.: २०८२/०८३
च.न.:

मिति: २०८३।०३।१७

समयमै ऋण भुक्तानी गर्ने सम्बन्धी अत्यन्त जरुरी सूचना ॥

पछिल्लो समय सहकारी संस्थाहरूबाट ऋण लिई समयमै सावाँ तथा व्याज भुक्तानी नगर्ने प्रवृत्ति बढेको र यसले गर्दा सहकारीहरूको तरलतामा गम्भीर असर परी सर्वसाधारण बचतकर्ताहरूको बचत फिर्ता गर्न समेत कठिनाइ भइरहेको गुनासो प्राप्त हुन आएको छ। सहकारी संस्था सदस्यहरूकै नियमित बचत र ऋण परिचालनबाट चल्ने स्वायत्त संस्था भएकाले लिएको ऋण समयमै तिर्नु प्रत्येक ऋणीको कानुनी एवं नैतिक दायित्व हो। अतः सहकारी क्षेत्रमा देखिएको वर्तमान समस्या समाधान गरी सर्वसाधारणको बचत सुरक्षित गर्न र सहकारीको आर्थिक अवस्था सुदृढ बनाउनका लागि निम्न बमोजिम गर्न/गराउन यो सूचना प्रकाशित गरिएको छ।

- समयमै ऋण चुक्ता गरौं: विभिन्न सहकारी संस्थाहरूबाट ऋण लिनु भएका सम्पूर्ण ऋणी सदस्यहरूले आफूले भुक्तानी गर्नुपर्ने सावाँ, व्याज सम्बन्धित सहकारी संस्थामा तुरुन्त सम्पर्क राखी समयमै भुक्तानी गर्नुहुन अनुरोध गरिन्छ।
- सम्पर्क र समन्वयः यदि बजारको मन्दी वा अन्य व्यवहारिक कारणले गर्दा एकैपटक सम्पूर्ण ऋण तिर्न नसक्ने अवस्था भएमा, तुरुन्त सम्बन्धित सहकारी संस्थाको कार्यालयमा उपस्थित भई ऋण पुनर्तालिकीकरण वा किस्तावन्दीका लागि लिखित रूपमा समन्वय गर्नुहुन सूचित गरिन्छ।
- कानुनी कारबाहीको चेतावनीः यस सूचनालाई वेवास्ता गरी नियतवश ऋण भुक्तानी नगर्ने वा ढिलासुस्ती गर्ने ऋणीहरूको हकमा सहकारी ऐन, नियम तथा निर्देशिका बमोजिम बैंक खाता तथा चल अचल सम्पति रोक्का, कालो सूचीमा समावेश सहित सार्वजनिकीरण, नगरपालिका र अन्य सरकारी निकायबाट प्राप्त हुने सेवा समेत रोक्काका लागि सिफारिस हुनेछ।
- सञ्चालक समितिलाई निर्देशनः पालिका अन्तर्गतका सम्पूर्ण सहकारी संस्थाहरूले आफ्ना खराव ऋणीहरूको पहिचान गरी तत्काल असुली प्रक्रिया अगाडि बढाउन र सोको मासिक प्रगति प्रतिवेदन यस नगरपालिकाको सहकारी शाखामा पेश गर्नुहुन समेत निर्देशन दिइन्छ। सहकारी संस्थालाई बलियो र विश्वसनीय बनाउन सम्पूर्ण ऋणी सदस्यहरूबाट पूर्ण सहयोगको अपेक्षा गरिएको छ।

.....................
अशोक कोइराला
प्रमुख प्रशासकीय अधिकृत